## भाग १

# काठमाडौँ महानगरपालिका

# लहरेबत्ती व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावना** : सहरी सौन्दर्यको लागि काठमाडौँ महानगरपालिका क्षेत्रभित्र लहरेबत्ती (Rope Light/Strip light) राख्दा मानव स्वास्थ्य, सवारी सुरक्षा, चराचुरुङ्गीको जीवन चक्र र पुरातात्त्विक तथा सांस्कृतिक सम्पदामा प्रतिकूल असर पर्नबाट रोक्न केही मापदण्ड बनाउन आवश्यक भएकाले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "लहरेबत्ती व्यवस्थापन-सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **लहरे बत्ती राख्न नहुने** : महानगरपालिका क्षेत्रभित्रको सार्वजनिक स्थल तथा निजी स्वामित्वका स्थानमा रहेका रूख बिरुवामा कुनै पनि लहरे बत्ती (Rope Light/Strip Light) प्रयोग गर्न पाइने छैन ।

३. **लहरे बत्ती राख्न अनुमति लिनुपर्ने** : (१) दफा २ बाहेकका सार्वजनिक स्थलमा लहरे बत्तीको प्रयोग गर्न अति आवश्यक भएमा काठमाडौँ महानगरपालिका वातावरण व्यवस्थापन विभागबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनका लागि स्थान, अवधि, बत्तीको स्पेसिफिकेसन उल्लेख गरी निवेदन पेश गर्नुपर्नेछ ।

४. **लहरे बत्ती राख्न अनुमति लिनु नपर्ने** : जात्रा, चाड पर्व तथा विशेष अवसरमा बढीमा सात दिनका लागि लहरे बत्ती प्रयोग गर्न दफा (३) बमोजिम अनुमति लिनुपर्ने छैन ।

५. **बत्तीको गुणस्तर**: अनुमति लिई वा नलिई प्रयोग गरिने लहरे बत्ती देहायबमोजिम गुणस्तरको हुनुपर्नेछ :

(क) Low Power: maximum up to 6 watt per meter with high efficient LED

(ख) No harmful UV/IR radiation

(ग) Correlated Color Temperature (CCT) value within the range या 2700K to 3500K

६. **प्रयोग गर्ने तरिका** : जात्रा, चाड पर्व वा विशेष अवसरमा सौन्दर्यकरणका लागि पोल र मन्दिरमा लहरे बत्ती प्रयोग गर्नुपर्ने भएमा निम्न सर्त पूरा गर्नुपर्नेछ :

(क) LED NEON FLEX LIGHTS मा Sensor तथा Safety equipment प्रयोग गरी Glare आँखामा नपर्ने गरी सेट गर्नुपर्नेछ ।

(ख) light को Brightness तल पर्ने (Downward) हुने गरी प्रयोग गर्नुपर्ने छ ।

(ग) रेस्टुरेन्ट, मन्दिर, पुल, पोल आदिमा लहरे बत्ती प्रयोग गर्नु पर्ने भएमा मानिसको आँखामा प्रत्यक्ष उज्यालो नपर्ने र Brightness रेस्टुरेन्ट, मन्दिर, पुल, पोल आदिको संरचनामा पर्ने गरी प्रयोग गर्नुपर्नेछ ।

७. **अनुमति दिने** : (१) दफा ३ बमोजिम परेको निवेदनमा आवश्यक निरीक्षण र जाँचबुझ गरी दफा ५ र ६ बमोजिमको मापदण्ड पूरा गरेको हकमा वातावरण व्यवस्थापन विभागले अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा सम्भव भएसम्म Dimmable Driver वा Centralized Control and Monitoring System (CCMS) को प्रयोग गर्न प्रोत्साहन गर्नुपर्नेछ । साथै LED NEON FLEX LIGHTS को प्रयोग गर्दा Glare कम हुने तथा Traffic मा समस्या नहुने कुरामा प्राथमिकता दिनुपर्नेछ ।

८. **अनुगमन गर्ने** : (१) काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ अनुसार गठित अनुगमन तथा मूल्याङ्कन समितिले तोकेको अनुगमन टोली, वातावरण व्यवस्थापन विभाग वा सार्वजनिक

निर्माण विभागबाट महानगरपालिका क्षेत्रभित्र राखिएका लहरे बत्ती मापदण्डअनुसार रहे नरहेको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरी सोको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्ने क्रममा प्रचलित कानुनबमोजिम तत्काल स्थलगत रूपमा कुनै कारबाही गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृतसमक्ष लिखित वा मौखिक प्रतिवेदन गरी प्राप्त आदेशबमोजिम गर्नुपर्नेछ ।

९. **कारबाही हुने** : (१) यो मापदण्ड उल्लङ्घन गर्नेलाई अनुगमन टोली प्रमुखले सालबसाली आर्थिक ऐन र काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिम दण्ड जरिवाना गर्नेछ ।

(२) यो मापदण्डविपरीत लहरे बत्ती प्रयोग गरेको पाइएमा अनुगमन टोलीले प्रयोग भएका सामग्री उपकरण जफत गर्न सक्नेछ ।

मिति :२०८१।८।२३

**आज्ञाले**

**सरोज गुरागाइँ**

**प्रमुख प्रशासकीय अधिकृत**